‘नेपाल राष्ट्र निर्माता पृथ्वीनारायण शाहका वंशजहरूबाट नै यस देशको समयोचित संरक्षण हुँदै आएको तथ्य नेपालको धरातलीय यथार्थता हो।’

# हुन्डी कारोबारी १ करोडसहित पक्राउ



कृष्ण उदास खनाल, वीरगन्ज

पर्सा प्रहरीले एक करोड रुपियाँभन्दा बढी स्रोत नखुलेको रकमसहित एकजना व्यावसायीलाई पक्राउ गरी आइतबार सार्वजनिक गरेको छ।

प्रहरीले वीरगन्ज-१२, रानीघाटबाट राहुल केशरीलाई सार्वजनिक गरेको हो। विशेष सूचनाका आधारमा प्रहरीले उनलाई पक्राउ गरेको प्रहरी उपरीक्षक रेवती ढकालले बताए। उनी लामो सयमदेखि हुन्डी कारोबारमा संलग्न रहेको सूचनाका आधारमा उनीमाथि निगरानी राखिएको प्रहरीले जनाएको छ। राहुल केशरीलाई वीरगन्ज १२ रानीघाटस्थित उनकै निवासबाट पक्राउ गरेको प्रहरी उपरीक्षक रेवती ढकालले जानकारी दिए। उनको साथबाट १ करोड १५ लाख रूपियाँभन्दा बढी नेपाली रूपियाँ र विभिन्न कागजात बरामद भएको उनले जानकारी दिए। उनीबाट बरामद गरिएका कागजातका आधारमा थप अनुसन्धानका लागि राजश्व अनुसंधान विभाग हरिहर भवन पठाइएको उनले जानकारी दिए।

यसैबीच जिल्ला प्रहरी कार्यालय, पर्साले मोटरसाइकलको पेट्रोलको ट्यांकीमा लुकाएर ल्याउँदै गरेको अवस्थामा अवैध भारू ८ लाख १ हजार २ सयसहित १ जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा भारतको बिहारस्थित मोतिहारी, ग्राम सुगौली ११ का २८ वर्षीय अभिजितकुमार सर्राफ छन्। रक्सौलतर्फबाट वीरगन्ज आउँदै गर्दा उनलाई विशेष सूचनाका आधारमा बीआर०५के ६४४४ नम्बरको पल्सर मोटरसाइकलमा हिँड्दै गर्दा पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ।

उनले मोटरसाइलको तेलको ट्यांकीको आधा भागमा पेट्रोल र अर्को भागमा अवैध भारतीय रूपियाँ लुकाएर ल्याउँदै गरेको अवस्थामा बरामद गरिएको बताइएको छ। पक्राउ परेका सर्राफलाई थप अनुसन्धान र कारबाहीका लागि राजश्व अनुसन्धान विभाग, पुल्चोक पठाइएको छ।

## हत्यामा संलग्न दुई सार्वजनिक

भक्तपुर, (नेस)

विवादका कारण भक्तपुरको चाँगुनारायण नगरपालिका-८ मा एक युवकको हत्या भएको खुलासा भएको छ। महानगरीय प्रहरी परिसर भक्तपुरले पत्रकार सम्मेलनको आयोजना गर्दै चाँगुनारायण ८ जितपुरका ३६ वर्षीय उमेश कार्कीको हत्यामा संलग्न रहेका ५ मध्ये पक्राउ परेका २ जनालाई सार्वजनिक गर्दै हत्याको खुलासा गरेको हो।

प्रहरीले हत्यामा संलग्न रहेका मध्ये सर्लाही हरिपुर नगरपालिका ८ जगतपुर घर भई हाल नेपाली सेनाको प्युठ दर्जामा श्री नयाँ सबुज गणमा दरबन्दी रहेका ३५ वर्षीय रामसागर चौधरी र सर्लाही हरिपुर ७ घर भएका गंगाराम चौधरीलाई पक्राउ गरी सार्वजनिक गरेको हो।

घट्ना बारे जानकारी दिँदै परिसरका प्रमुख एवं प्रहरी उपरीक्षक हिमालयकुमार श्रेष्ठले उमेश हत्या घट्नापछि फरार रहेका ५ मध्ये २ जना पक्राउ परेको र घट्नामा संलग्न अन्य ३ जनाको खोजी भइरहेको बताउनुभयो।

घट्नापछि घर पुगेका प्यूठ रामसागर चौधरीलाई सर्लाहीस्थित घरबाट र गंगाराम चौधरीलाई काठमाडौं महानगरपालिका सानो भऱ्याङस्थित निज कै कोठाबाट पक्राउ गरेको उहाँले जानकारी दिनुभयो। प्रहरी पक्राउ परेकालाई भक्तपुर जिल्ला अदालतबाट कर्तव्य ज्यान मुद्दामा म्याद थप गरी घटनाको थप अनुसन्धानलाई अघि बढाएको जानकारी दिएको छ।

घट्नाको अनुसन्धान बारे जानकारी दिँदै प्रहरीले यही असार १५ गते राति १० बजे घटनामा संलग्न ५ जना जितपुरस्थित दिनेश खड्काको घर डेरा गरी बस्ने मजदुर काम गर्ने राजेन्द्र चौधरीको कोठामा ५ जना रक्सी र कुखुराको मासु खाएर बसिरहेका बेला पुगेका कार्कीले पनि संगै बसेर खाने क्रममा भनाभन भएको थियो। भनाभन हातपातमा परिणत भएको र कार्कीले कुखुरामा मासु पोखिदिएको अनुसन्धानबाट खुलेको प्रहरीको भनाइ छ। मासु पोखिएपछि चौधरीसहितको पाँच जनाको टोलीले कोठामा रहेको चक्कु, रडलगायतका घरेलु हतियार प्रयोग गरी पाँचै जनाले टाउको, मुखलगायत शरीरको विभिन्न भागमा पटक-पटक प्रहार गरी विभत्स रूपमा कार्कीको हत्या गरी फरार भए।

## पूर्वराजाको जन्मोत्सव
# ‘देशलाई मियो चाहियो’



नेपाल समाचारपत्र

काठमाडौं

पूर्वराजा ज्ञानेन्द्र शाहको शुभजन्मोत्सवको मुख्य आकर्षण यसपटक नेपालगन्जमा भयो। नेपालगन्जको सोल्टी होटलमा पूर्वराजा दिनभरि आफ्नो ७२ औं जन्मोत्सवका कार्यक्रममा व्यस्त रहनुभएको थियो। सोही दिन पूर्वराजा बिहानै स्थानीय प्रसिद्ध बागेश्वरी मन्दिरमा पूजाअर्चना गर्न पुग्नुभएको थियो।

पूर्वराजाको जन्मदिन देशभरि नै भव्यताका साथ मनाउन एक महिनाअघि नै राजधानीमा पूर्वराजपरिषद् स्थायी समितिका सदस्य यज्ञप्रसाद आचार्यको अध्यक्षतामा ३ हजार १ सय जनाको शुभजन्मोत्सव नागरिक मूल समारोह समिति गठन गरिएको थियो। यो वर्ष सोही समितिले शुभजन्मोत्सव कार्यक्रमको संयोजन गरेको हो। नागरिक मूल समारोह समितिका अध्यक्ष यज्ञप्रसाद आचार्यले पूर्वराजा ज्ञानेन्द्रलाई शुभेच्छासहित अभिनन्दनपत्र चढाउनुभएको थियो।

अभिनन्दनपत्रमा ‘देशको एकतालाई मियोको आवश्यकता परेकाले विश्वका बेलायत, स्पेन, स्वीडेनजस्ता प्रजातान्त्रिक मुलुकमा जनताका चाहनाअनुसार राजसंस्थाको पुनःस्थापना भएजस्तै नेपालमा पनि संवैधानिक रूपमै राजसंस्थाको पुनर्बहाली हुने’ विश्वास प्रकट गरिएको छ।

‘नेपाल राष्ट्र निर्माता पृथ्वीनारायण शाहका वंशजहरूबाट नै यस देशको समयोचित संरक्षण हुँदै आएको तथ्य नेपालको धरातलीय यथार्थता हो।’ -आचार्यले भन्नुभयो। अभिनन्दनपत्रमा ‘मुलुकभित्र शान्ति कायम गर्ने उद्देश्यले नारायणहिटी राजदरबार पनि छोडी विश्वसामु भीष्म त्याग गर्दै अभूतपूर्व दृष्टान्त प्रस्तुत’ गरिएको उल्लेख छ।

कमल थापाको राष्ट्रिय प्रजातन्त्र पार्टी, डा. प्रकाशचन्द्र लोहनीको एकीकृत राप्रपा (राष्ट्रवादी) र पशुपतिशमशेर जबराको राप्रपा (प्रजातान्त्रिक) का कार्यकर्ता पनि दलबलसहित राजालाई शुभकामना चढाउन पुगेका थिए।

# दोहोरो सडक बन्दले धौलागिरिबासीलाई सास्ती

नेपाल समाचारपत्र

पर्वत

धौलागिरिका ४ जिल्लालाई संघीय तथा प्रदेश राजधानीसँग जोड्ने एकमात्र सडक स्तरोन्नतीका लागि बन्द गरिँदा यात्रुहरू समस्यामा परेका छन्।

मध्यपहाडी लोकमार्गको पर्वत खण्ड र कास्की खण्डमा फरक-फरक समयमा दैनिक ७ घण्टा बन्द गरिँदा यात्रुहरूलाई सास्ती खेप्नुपरेको हो। पर्वतको कुस्मा नगरपालिकामा पर्ने चुवाको भीर र मोदी गाउँपालिकामा पर्ने डिमुवा माहुरीभीरमा सडक फराकिलो बनाउने क्रममा सडक बन्द गरिएको छ।

कुस्मा नगरपालिकाको खरेहा खोलादेखि मोदी गाउँपालिकाको अँधेरीखोलासम्म बिहान १० बजेदेखि दिउँसो १२ बजेसम्म सडक बन्द भइरहेको छ भने दिउँसो १ बजेदेखि ४ बजेसम्म पनि सडक बन्द गरिएको छ। साँझ ६ बजेदेखि राति ८ बजेसम्म पनि सडक बन्द गरेर सडक निर्माणको कामलाई निरन्तरता दिएको छ।

निर्माण कम्पनी लामा कन्ट्रक्सन कम्पनीका प्रोजेक्ट म्यानेजर गोबिन्द भुसालका अनुसार माहुरी भीरमा २ स्थानबाट सडक फराकिलो बनाउने काम भइरहेको छ भने चुवा भीरमा एक ठाउँबाट काम थालिएको छ। अझै थप स्काभेटर परिचालन गरि दुबै ठाउँमा ३, ३ ठाउँबाट सडक फराकिलो बनाउन काम तीब्र बनाउने योजना रहेको भुसालले बताए। ‘वर्षायाममा यात्रुको चाप पनि कम हुने र सवारी साधन पातलो चल्ने कारणले ७ घण्टा सडक बन्द गरेर काम गर्ने निर्णय हो’ प्रोजेक्ट म्यानेजर भुसालले भने ‘दुबै कठीन भीरहरूमा दुई महिनाभित्रमा काम सक्ने लक्ष्य राखेर काम गर्दै छौं।’

आयोजनाको पर्वतको प्रवेशद्वारदेखि मालढुंगासम्मको २३ दशमलब ७६९ किलोमिटर स्तरोउन्नतिको काम लामा कन्ट्रक्सन प्रालिले जिम्मा लिएको छ। कम्पनीले ८३ करोड ९८ लाख रुपियाँमा पर्वत खण्ड स्तरोउन्नतिको कामको ठेक्का लिएको छ।

अहिलेसम्म १२ प्रतिशत काम सकिएको कम्पनीले जनाएको छ। यात्रुलाई पनि लगातार बन्द गर्दा समस्या पर्ने भएकाले सडक पनि निर्माण हुने र यात्रुलाई समस्या नहुने गरी बन्द गर्ने निर्णय भएको प्रमुख जिल्ला अधिकारी गुरुदत्त ढकालले बताए।

# नक्कली नोट फेला पऱ्यो

कञ्चनपुर, (नेस)

कञ्चनपुरमा रहेको एनसीसी बैंकको शाखा कार्यालयमा नक्ली नोट फेला परेको छ। महेन्द्रनगरमा रहेको राष्ट्रिय वाणिज्य बैंकबाट योगेश पेलाले आफ्नो नाममा रहेको खाताबाट ५ लाख रूपियाँ झिकेर कन्चनपुरमा रहेको एनसीसी बैंकमा जम्मा गर्ने क्रममा १ हजारको नक्कली नोट फेला परेको छ।

एनसीसी बैंकका क्यासियरले नोट गणना गने क्रममा उक्त नोट फेला पारेका हुन। एनसीसी बैंककी ब्रान्च मेनेजर संगीता शर्मा चटौतले क्यासिरले उक्त नोट नक्ली भनेर बताएपछि डिडेक्टिभ मेसिनमा राखेर हेर्दा नक्कली पाइएको बताउनुभयो। बजारमा नक्कली नोट छ भन्ने हल्ला सुनेका छौं, यसका लागि आफ्नो बैंक सचेत रहेको र यसका लागि डिडेक्टिभ मेसिन पनि राखेको चटौतले जानकारी दिनुभयो।

राष्ट्रिय वाणिज्य बैंकका शाखा प्रबन्धक कर्णदेव जोशीले यो नक्कली नोटको बारेमा एनसीसी बैंकबाट कुनै पनि लिखित जानकारी नआएको र यसको बारेमा जानकारी लिनका लागि सबै ठाउँबाट आएका पैसाको सिलिपबाट जानकारी लिन सकिने बताउनुभयो। नक्ली नोट चेक गर्ने मेसिन नरहेको जोशीले बताएका छन्।

# खदीमा गाडी पुग्यो

रुकुम, (नेस)। रुकुम पश्चिमअन्तर्गत आठबिस नगरपालिकाको वडा नं ३ खदीमा पहिलो पटक गाडी पुगेको छ। आठबिसकोट नगरपालिकाको बसेरा भन्ने ठाँउबाट खदी गाउँसम्म ७.५ किलोमिटर सडक निर्माण सम्पन्न भएको नगरप्रमुख गोर्खबहादुर केसीले बताउनुभयो। ७.५ किलोमिटरमध्ये ५ किलोमिटर सडकको रकम नगरपालिकाले भुक्तानी गरिसकेको र बाँकी आगामी आर्थिक वर्षमा भुक्तानी गरिने नगरप्रमुख केसीले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

आठविसकोट नगरपालिकाभित्रको पनि दुर्गम मानिने खदी गाउँमा गाडी पुगेपछि स्थानीयमा खुसी छाएको छ।

# एक बिरुवा हुर्काएबापत २० रुपियाँ

सरिता चलाउने, सल्यान

सल्यानको सबैभन्दा पहिलो नगरपालिका शारदा नगरपालिकाले एक बिरुवा हुर्काए बचाए बापत २० रूपियाँ उपलब्ध गराउने उद्देश्यले प्रत्येक वडामा २४ हजार बिरुवा वितरण गरेको छ। एउटा बिरुवा हुर्काए बापत एक बिरुवाको २० रूपियाँ उपलब्ध गराउने उद्देश्यले नगरपालिकाले १५ वटै वडाहरूमा एक हजार बिरुवाका दरले ९ हजार फलफूलका बिरुवा र अन्य जातका १५ हजार गरी २४ हजार बिरुवा वितरण गरेको हो।

नगरपालिकाले फलफूलका बिरुवाअन्तर्गत आँप, लिची, अनार, सुन्तला, कागतीका बिरुवा बितरण गरिएको छ। यस्तै ओखर, टुनी, बुकाइनो, मलागिरी, धुपीसल्ला, रक्तचन्दन, तेजपात, हर्रोबर्रो लगायतका अन्य बिरुवा उपलब्ध गराइएको नगरपालिकाले जनाएको छ।

नगरपालिकाले टाढाका वडाहरूमा बिरुवाहरू पठाइ वडा कार्यालयबाटै कृषकलाई बिरुवा वितरण गरिएको छ। बिरुवा साउन महिनाभरि प्रत्येक वडाहरूमा वितरण गरिसक्ने नगरपालिकाले बताएको छ।

नगरपालीकाको पहिलो नगरसभा र तेस्रो नगरसभामा स्वीकृत कार्यक्रमअन्तर्गत १ वडामा कम्तीमा १ हजार फलफूलका बिरुवा र अन्य बिरुवा रोपेर बिरुवा हुर्काए बाफत एक बिरुवाको २० रूपियाँ उपलब्ध गराउने निर्णयअनुसार १५ वटा वडाहरूमा ९ हजार फलफूलका बिरुवा र अन्य जातका १५ हजार बिरुवा वितरण गरिएको नगरप्रमुख शुरेस अधिकारीले बताउनुभएको छ।

उहाँका अनुसार बिरुवा रोपिसकेपछि कृषकहरूले बिरुवाको हेरचाह गरे कि गरेनन्, बिरुवा रोपे कि रोपेनन् भनेर निगरानीका लागि नगरपालिकाबाटै कर्मचारीको व्यवस्था गरिने बताउनुभयो। उहाँले भन्नुभयो,‘ यो कार्यक्रम ल्याउने जिल्लामै पहिलो नगरपालिका बनेको छ, यस्ता कार्यक्रमले कृषकहरूको मनोबल बढ्ने र आगामी दिनमा कृषकहरू आफैंमा बिरुवा रोप्नुपर्छ भन्ने मनस्थिति जाग्ने छ। एक बिरुवाको २० रूपिया उपलब्ध गराउने कार्यक्रमले कृषकलाई नै फाइदा पुग्ने उहाँले बताउनुभयो। कृषकले वार्षिक एक बिरुवाको २० रूपियाँ पनि पाउने र फलफूलका बिरुवाले पनि कृषकलाई फाइदा पुग्ने नगरप्रमुख अधिकारीले बताउनुभयो।

उक्त बिरुवाहरूको आउँदो एक वर्ष पछि प्रत्येक घरमा अनुगमन गरी बिरुवा हुर्काएबापतको पुरस्कार दिइने उहाँले बताउनुभयो।

# गरिबलाई परिचयपत्र वितरणको तयारी

गोरखा, (नेस)

गोरखाका १२ हजार घरपरिवार गरिबीको रेखामुनि रहेको पाइएको छ। गोरखामा सर्भेक्षण गरिएका ५९ हजार ६ सय ५४ घरपरिवारमध्ये १२ हजार ४४ घरपरिबार गरिबको सूचीमा परेका छन्।

जसमध्ये अति गरिब परिवारको संख्या ५ हजार ८ सय ३३, मध्यम गरिब ३ हजार ७ सय १७ तथा सामान्य गरिब घरपरिवारको सूचीमा २ हजार ४ सय ९४ रहेको जिल्ला समन्वय समितिले जनाएको छ। गरिब भनेर सूचीकृत गरिएको घरपरिवारलाई सर्भेक्षण भएको ५ वर्षपछि परिचयपत्र वितरणको तयारी भएको जिल्ला समन्वय समितिले जनाएको छ।

सर्भेक्षणअनुसार गोरखाका ४७ हजार १७ घरपरिवार गरिबको परिभाषाभित्र नपरेको परिचयपत्र वितरणसम्बन्धी कार्यक्रमको जिल्लास्थित सम्पर्क व्यक्ति बिमला वाग्लेले जानकारी दिइन्। परिचयपत्र वितरण गर्न खटिने कर्मचारीका लागि जिल्ला समन्वय समितिले तालिमसमेत प्रदान गरिसकेको उनले जानकारी दिइन्।

‘गरिब घरपरिवारको सर्भेक्षण गरेर पहिचान भइसकेको छ’ वाग्लेले भनिन् ‘गरिब घरपरिवारमा गएर परिचयपत्र वितरण गर्न कर्मचारीहरूलाई दुई दिने तालिम पनि प्रदान गरिसकिएको अवस्था छ।’ सरकारले तत्काललाई २५ जिल्लामा गरिब परिचयपत्र वितरण गर्न लागेको जिल्लामध्ये गोरखाको गरिबको दर २८ दशमलब ६ रहेको छ।

सरकारले अति गरिबलाई रातो रङको, मध्यम गरिबलाई पहेंलो र सामान्य गरिबलाई नीलो रङको परिचयपत्र उपलब्ध गराउने वाग्लेले जानकारी दिइन्। उनीहरूलाई साउनबाट परिचयपत्र बाँड्ने तयारी गरिएको छ। परिचयपत्र वितरणका लागि जिल्लाभर ३३ कर्मचारी खटिनेछन्। हरेक स्थानीय तहबाट खटिने एक अधिकृत र २ सहायक कर्मचारीका लागि अभिमुखीकरण तालिम दिइएको छ।

गोरखासहित २५ जिल्लामा गरिब घरपरिवार पहिचान गरी परिचयपत्र दिनका लागि २०७० सालको जेठबाट सर्भेक्षण शुरु भएको थियो। सोही वर्षको असार मसान्तमा सर्भेको काम सकिए पनि ५ वर्षपछि परिचयपत्र वितरणको तयारी गरिएको हो। २०७० सालको सर्भेका आधारमा आर्थिक वर्ष २०७२/७३ मा गरिब घरपरिवार सहयोग समन्वय बोर्डले प्रारम्भिक सूची तयार पारेको थियो। नयाँ आर्थिक वर्ष शुरु भएसँगै परिचयपत्र वितरणका लागि कर्मचारीहरू २ नगरपालिका र ९ स्थानीय तहमा तयारी अवस्थामा रहेको जिल्ला समन्वय समितिले जनाएको छ।

### दुई...

सरकारकाले चार महिनाको अवधिमा पनि नागरिकले दैनिक जीवनकमा महसुस गर्ने काम नगरेको भन्दै प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसबाट भन्दा पनि आफ्नै पार्टीभित्रबाट आलोचनाको सामना गर्नुपरेको छ। छिमेकीसँगको सम्बन्ध मजबुत बनाउन प्रधानमन्त्री ओलीले भारत र चीनको भ्रमण गरिसक्नुभएको छ। तर देशलाई समृद्ध बनाउने प्रधानमन्त्री ओलीको अभियान र व्यवहारमा भने तालमेल मिलेका देखिँदैन।

नेकपाका स्थानीय समितिका एक सदस्यले भने- ‘दुई तिहाई बहुमतसहितको सरकार छ, अवरोध भए पनि पन्छाउने तागत सरकारसँग छ, तर सरकारले खै किन हो तत्काल काम गरेर परिणाम दिनुपर्ने विषयमा पनि काम गर्न सकेन।’ सरकारको कार्यशैलीप्रति नेकपाका वरिष्ठ नेता झलनाथ खनाल, नेता घनश्याम भुसाललगायतका नेताहरूले असन्तुष्टि जनाएका छन्।

### आत्मसमर्पण...

२०७० चैत्र ३० गते सरकारी वकिलको कार्यालय चितवनमा अभियोग दर्ता भएको थियो। सुशील कोइराला प्रधानमन्त्री भएका बेला अन्तिम सुनुवाइ भएर बहस नोटसमेत झिकाइसकेपछि पनि कुनै प्रक्रिया अघि बढेको थिएन। तत्कालीन जिल्ला न्यायाधीश टेकबहादुर कुँवर हुनुहुन्थ्यो भने त्यसपछि अरू फेरिइसक्नुभएको छ।

नेपाल मानवअधिकार संगठनका अध्यक्ष इन्द्रप्रसाद अर्यालले यस विषयमा सरकार अझै गम्भीर नबने गंगामायाको मृत्यु हुने खतरा रहेको बताउनुभयो।

द्वन्द्वकालमा घटेका घटनाको छानविन गरी न्याय दिनका लागि सरकारले ‘बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग’ र ‘सत्यनिरूपण तथा मेलमिलाप आयोग’ स्थापना गरेको छ। अन्तरिम संविधान २०६३ अनुसार स्थापना भएका यी आयोगले समयमा काम गर्न नसकेपछि कार्यकाल थप गरिएको छ। ‘बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य , निरूपण तथा मेलमिलाप आयोग (पहिलो संशोधन) विधेयक, २०७५ राष्ट्रपतिले बुधबार प्रमाणीकरण गरिसक्नुभएको छ। द्वन्द्वकालीन घटनाहरूको छानबिन गरी पीडितलाई परिपूर्ण दिने उद्देश्यले आयोग गठन भए पनि सक्रियताका साथ काम गर्न नसकेको गुनासो हुँदै आएको छ। छानविन आयोगले द्वन्द्वको अवधिभर दुवै पक्षबाट भएका बेपत्ताको मात्र अभिलेख राख्ने गरेको छ भने अरू घटनाहरू सत्यनिरूपण तथा मेलमिलाप आयोगसँग सम्बन्धित छन्। मेलमिलाप आयोगमा ५२ हजार निवेदन परेको सदस्य डा. माधवी भट्टले जानकारी दिनुभयो।

पूर्वकानुन न्याया तथा संसदीय मामिलामन्त्री यज्ञबहादुर थापाले न्यायका लागि लामो समयसम्म अनसन बस्नु र ज्यान नै जोखिम पार्नु लज्जाको विषय भएको टिप्पणी गर्नुभयो। थापाले जुनसुकै सरकार आए पनि जनताले न्याय पाउने हक भएकाले सरकारको चासो त्यतातर्फ बढी हुनुपर्ने बताउनुभयो। कानुन न्याय तथा संसदीय मामिलामन्त्री शेरबहादुर तामाङले सबै खाले समस्याको समाधान गर्न सरकारले पहल गर्ने बताउनुभयो। ‘सरकार सबैलाई न्याया गर्ने पक्षमा छ, कानुनी राज्यको महशुस गराउँछौं।’ -मन्त्री तामाङले भन्नुभयो।

### सञ्चालकले...

हामीले शुल्क नबढाउने भनेका थिएनौं, तर अन्तिम समयमा विद्यार्थीलाई भार पर्ने गरी वृद्धि गर्दा समस्या पर्ने सुझाव दिएका हौं -दुई अभिभावक संघको आरोप छ।

यो वर्षबाट शुल्क वृद्धि भए निजी नर्सिङ संस्थामा अध्ययन गर्ने विद्यार्थीले झण्डै १ लाख रुपियाँ बढी तिर्नुपर्छ। समितिले सिफारिस गरेअनुसार नयाँ शुल्क निर्धारण गर्दा विद्यार्थीले ५ लाख ६४ हजार ३ सय रुपियाँ तिर्नुपर्छ। अहिले ४ लाख ७५ हजार रुपियाँ छ। ट्रस्ट र सहकारीबाट सञ्चालित नर्सिङ कार्यक्रमको शुल्क घटाएको छ।

मुनाफा आउने संस्थाले सञ्चालित गरेको नर्सिङको शुल्क बढाउन खोजेर सरकारले अन्याय गरेको अभिभावकको आरोप छ। प्रतिवेदनमा स्थानीय निकायका जनप्रतिनिधिले आफ्नो अधिकारक्षेत्र भित्र पर्ने भएकाले सबै सीटीईभीटीअन्तर्गत सञ्चालित सबै संस्थाको शुल्क निर्धारण स्थानीय निकायकै सहकार्यमा हुनुपर्ने जनाएका छन्।

### संवैधानिक...

सर्वोच्चमा २०७४ चैत १ देखि प्रधानन्यायाधीश पद रिक्त छ। जोशी २०७६ साउनसम्म प्रधानन्यायाधीशका रूपमा कार्यरत रहनुहुनेछ। यसअघि २०७४ असार ३ देखि चैत ३० सम्म आठ महिना गोपाल पराजुली प्रधानन्यायाधीशका रूपमा बहाल रहनुभएको थियो।